# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: १०        संख्या:०३        मिति: २०८३/०४/१४

भाग २

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## सामुदायिक विद्यालयहरूमा स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

## सामुदायिक विद्यालयहरूमा स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**कार्यपालिकाबाट प्रमाणित मिति :२०८३/०४/१२**

**प्रस्तावना**

बन्दीपुर गाउँपालिका, बन्दीपुर तनहुँले सामुदायिक विद्यालयमा विद्यार्थीहरू ओसारपसार गर्न यातायात सेवालाई सुरक्षित, आरामदायी र भरपर्दो विद्यालयमा सहज वृद्धि गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी यो **स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३** जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"सामुदायिक स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

**(क)** "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

**(ख)** "स्थानीय शिक्षा ऐन" भन्नाले गाउँपालिकाबाट जारी गरिएको स्थानीय शिक्षा ऐन, २०७५ सम्झनुपर्छ।

**(ग)** "कार्यविधि" भन्नाले सामुदायिक विद्यालयमा स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनुपर्छ।

**(घ)** "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालन भएको सामुदायिक विद्यालय सम्झनुपर्छ।

**(ङ)** "विद्यालय व्यवस्थापन समिति" भन्नाले स्थानीय शिक्षा ऐनको दफा १९ को उपदफा (१) बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

**(च)** "प्र.अ." भन्नाले विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ।

**(छ)** "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको बन्दीपुर गाउँपालिका सम्झनुपर्छ।

**(ज)** "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

**३. स्कुल बसको मापदण्ड**

विद्यालयले आफ्ना विद्यार्थीहरूको सुरक्षित ओसारपसारका लागि सञ्चालन गर्ने स्कुल बस देहाय बमोजिमको मापदण्डको हुनुपर्नेछ।

**स्कुल बसको पहिचान**

**(क)** स्कुल बसको बाहिरी रंग पहेंलो (Golden Yellow) हुनुपर्नेछ।

**(ख)** स्कुल बसको अगाडि र पछाडि **"School Bus"** कालो रंगले लेखिएको हुनुपर्नेछ।

**(ग)** विद्यालयको परिचय खुल्ने गरी १५० मि.मि. उचाइको गोल्डेन ब्राउन रंगमा विद्यालयको नाम दुवैतर्फ झ्यालको लेभलभन्दा तल लेखिएको हुनुपर्नेछ।

**(घ)** स्कुल बसको अगाडि र पछाडि स्कुल बसको चिन्ह कालो रंगमा अंकित गरिएको हुनुपर्नेछ।

**स्कुल बसले निम्न अनुसारको भौतिक मापदण्ड पूरा गरेको हुनुपर्नेछ**

**(क) आपतकालीन ढोका (Emergency Exit):**

सबै स्कुल बसहरूमा पछिल्लो आधा भागको दायाँतर्फ Emergency Exit को व्यवस्था हुनुपर्नेछ। साथै बसको पछिल्लो भागमा **Emergency Exit Breakable Glass** हुनुपर्नेछ। Emergency Exit को तल्लो लेभल बसको भुइँ सरह र माथिल्लो लेभल झ्यालको माथिल्लो लेभल बराबरको हुनुपर्नेछ।

**(ख) सुरक्षाः**

स्कुल बस चलेको अवस्थामा सम्पूर्ण ढोका तथा Emergency Exit बन्द गरी विद्यार्थीहरूको यात्रालाई सुरक्षित बनाउनुपर्नेछ।

**(ग) झ्यालको ग्रिलः**

स्कुल बसको झ्यालमा कम्तीमा तीनवटा Horizontal Round Metal/Round Aluminum Tube को ग्रिल दुवै साइडमा लगाइएको हुनुपर्नेछ।

**(घ) प्राथमिक उपचार बाकस (First Aid Kit):**

स्कुल बसमा देखिने स्थानमा प्राथमिक उपचार बाकस राखिएको हुनुपर्नेछ।

**(ङ) अग्नि नियन्त्रण उपकरणः**

बसमा देखिने स्थानमा Fire Extinguisher राखिएको हुनुपर्नेछ।

**(च) फोहरको व्यवस्थाः**

प्रत्येक स्कुल बसमा अनिवार्य रूपमा फोहर फाल्ने टोकरी राखिएको हुनुपर्नेछ।

**(छ) ढोकाको लक (Door Lock):**

बसको ढोकामा भरपर्दो लक प्रणाली भएको हुनुपर्नेछ।

**(ज) प्राविधिक जाँचपासः**

बसको प्राविधिक जाँचपास सार्वजनिक सवारी साधन सरहको हुनुपर्नेछ।

**(झ) झ्यालको सिसाः**

झ्यालको सिसामा कुनै किसिमको रंग नलगाई पारदर्शी हुनुपर्नेछ।

**(ञ) प्रवेशद्वारः**

स्कुल बसको प्रवेशद्वारको सबैभन्दा तल्लो सिँढी जमिनबाट ३०० मि.मि. भन्दा बढी उचाइमा हुनुहुँदैन।

**(ट) बसको सिटः**

बसका सबै सिटहरू दुरुस्त हुनुपर्नेछन्। सिटबाट कुनै धारिलो वा चोट लाग्ने वस्तु बाहिर निस्किएको हुनुहुँदैन।

**(ठ) स्कुल ब्याग तख्ताः**

विद्यार्थीहरूको स्कुल ब्याग सुरक्षित रूपमा राख्न बसभित्र स्कुल ब्याग तख्ताको व्यवस्था हुनुपर्नेछ।

**(ड) सिटको रेखांकन (Layout):**

सम्पूर्ण सिटहरू अगाडि फर्किएका (Forward Facing) हुनुपर्नेछन्। चढ्ने—ओर्लने सिँढी नजिकको सिटको अगाडि उचित किसिमको छेकबारको व्यवस्था हुनुपर्नेछ।

## ४. स्कुल बस परिचालक

क)स्कुल बसमा अनिवार्य रूपमा परिचालकको व्यवस्था हुनुपर्नेछ सो अनुसारको आर्थिक व्यवस्थापन विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनबाट गर्नुपर्ने छ ।

## ५. सिट संख्या र बसको क्षमता

स्कुल बसले बसको सिट क्षमताअनुसार देहाय बमोजिम विद्यार्थी ओसारपसार गर्न पाउनेछ—

**(क)** १२ वर्षभन्दा मुनिका विद्यार्थीलाई बसको सिट क्षमताभन्दा १.५ गुणासम्म ओसारपसार गर्न सकिनेछ।

**(ख)** १२ वर्षभन्दा माथिका विद्यार्थीको हकमा सिट क्षमता बराबरको संख्यामा मात्र विद्यार्थी राख्नुपर्नेछ।

## ६. स्कुल बसमा विद्यार्थीहरूको विवरण

**(क)** प्रत्येक विद्यार्थीका लागि स्कुल बसको नम्बर, रुट र बिसौनी उल्लेख भएको तस्बिरसहितको परिचयपत्र जारी गरिएको हुनुपर्नेछ।

**(ख)** बस चालकले विद्यार्थीहरूको पूर्ण विवरणसहितको सूची राख्नुपर्नेछ।

**(ग)** सूचीमा विद्यार्थीको नाम, ठेगाना, कक्षा, रक्त समूह तथा रोक्नुपर्ने बिसौनी उल्लेख गरिएको हुनुपर्नेछ।

**(घ)** बसमा बस सञ्चालनको मार्गतालिका तथा समय—सारिणी टाँस गरिएको हुनुपर्नेछ।

## ७. बसको गति सीमित हुनुपर्ने

स्कुल बस कुनै पनि अवस्थामा **प्रतिघण्टा ४० किलोमिटरभन्दा बढी गतिमा चलाउन पाइने छैन।**

## ८. स्टप चिन्ह (Stop Sign)

बसका परिचालकले विद्यार्थीहरूलाई चढाउने, ओराल्ने वा बाटो काट्नुपर्ने अवस्थामा प्रयोग गर्न मिल्ने **Stop Sign** बसभित्र राखिएको हुनुपर्नेछ।

## ९. धूम्रपान तथा मद्यपान निषेध

स्कुल बसमा कसैले पनि धूम्रपान तथा मद्यपान गर्न पाउने छैन।

## १०. बालश्रम निषेध

स्कुल बस सञ्चालनका लागि कुनै पनि प्रकारको बालश्रम प्रयोग गर्न पाइने छैन।

## ११. स्कुल बस चालक तथा परिचालक सम्बन्धी व्यवस्था

**(क)** स्कुल बसका चालक तथा परिचालकको योग्यता तथा अन्य मापदण्ड प्रचलित ऐन तथा नियम बमोजिम हुनेछ।

**(ख)** चालक तथा परिचालकले सम्बन्धित विद्यालयले तोकेको पोशाक तथा परिचयपत्र अनिवार्य रूपमा लगाउनुपर्नेछ।

## १२. विद्यालयको दायित्व

**(क)** अनुभवी चालकको व्यवस्था गर्ने।

**(ख)** प्रत्येक विद्यार्थी तथा चालकलाई सामान्य ट्राफिक नियम सम्बन्धी जानकारी समय—समयमा गराउने।

**(ग)** स्कुल बसको सार्वजनिक सवारी साधनसरह नियमित जाँचपास गराउने।

**(घ)** विद्यालयले भाडाको बस प्रयोग गर्दा नियमित रुटबाहेक अन्य मार्गमा सञ्चालन गर्नुपरेमा अनिवार्य रूपमा **पटके रुट इजाजत** लिनुपर्नेछ।

**(ङ)** विद्यार्थी ओसारपसारमा प्रयोग हुने प्रत्येक स्कुल बसको यातायात व्यवस्था कार्यालयमा दर्ता तथा अद्यावधिक गराउनुपर्नेछ।

**(च)** बस सेवासम्बन्धी गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नम्बर बसमा स्पष्ट रूपमा राख्नुपर्नेछ।

## १३. सवारी चालकको दायित्व

**(क)** चालक अनुमतिपत्र तथा सवारी सम्बन्धी सम्पूर्ण कागजात (दर्ता प्रमाणपत्र, बाटो इजाजतपत्र, जाँचपास प्रमाणपत्र आदि) साथमा राख्नुपर्नेछ।

**(ख)** तोकिएको पोशाक तथा परिचयपत्र लगाएको हुनुपर्नेछ।

**(ग)** चालकले कुनै पनि अन्य यात्रु, मालसामान वा अनावश्यक व्यक्ति बोक्न पाउने छैन।

**(घ)** ट्राफिक नियमको पूर्ण पालना गर्नुपर्नेछ।

**(ङ)** सडकमा सवारी चलाउँदा अत्यावश्यक सेवाका सवारी साधनलाई प्राथमिकता दिनुपर्नेछ।

**(च)** चालकले सधैं एक जना परिचालक साथमा लिएर बस सञ्चालन गर्नुपर्नेछ।

**(छ)** कुनै अभिभावक विद्यार्थी लिन नआएमा सम्बन्धित विद्यार्थीलाई विद्यालयको जिम्मा लगाउनुपर्नेछ।

**(ज)** सवारी चलाइरहेको अवस्थामा मोबाइल वा इयरफोन (Earphone) प्रयोग गर्न पाइने छैन।

**(झ)** कुनै पनि प्रकारको यौनजन्य दुर्व्यवहार गर्न वा गराउन पाइने छैन।

## १४. अभिभावक र विद्यार्थीको दायित्व

**अभिभावकको दायित्व**

**(क)** सडक सुरक्षाका लागि अभिभावक र विद्यार्थी दुवैको बराबरी जिम्मेवारी हुनेछ।

**(ख)** विद्यालयले तोकेको बिसौनी र समयमा अभिभावकले विद्यार्थीलाई पुऱ्याउने तथा ल्याउने व्यवस्था गर्नुपर्नेछ।

**(ग)** पूर्वप्राथमिक तहका विद्यार्थीको हकमा अभिभावक स्वयं उपस्थित हुन नसकेमा वैकल्पिक व्यक्तिलाई विद्यार्थी पुऱ्याउन वा लिन पठाउँदा परिचय खुल्ने प्रमाणसहित पठाउनुपर्नेछ।

**(घ)** चालकले सवारी नियम तथा यस कार्यविधि विपरीत सवारी चलाएको पाइएमा अभिभावकले तुरुन्त विद्यालय प्रशासन तथा नजिकको प्रहरी कार्यालयलाई जानकारी गराउनुपर्नेछ।

**(ङ)** अभिभावकले चालकसँग अनावश्यक विषयमा कुरा गरी सवारी सञ्चालनमा प्रभाव पार्नुहुँदैन।

**(च)** अभिभावकले अन्य विद्यार्थीलाई प्रभाव पार्ने वा अनावश्यक चासो राख्ने कार्य गर्नुहुँदैन।

<u>विद्यार्थीको दायित्व</u>

**(क)** आफू यात्रा गर्ने सवारी साधनमा फोहर नगर्ने, आपसमा मिलेर बस्ने, झ्यालबाट फोहर नफाल्ने तथा चालकसँग भद्र व्यवहार गर्ने।

**(ख)** चालकले सवारी नियम उल्लङ्घन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई जानकारी गराउने।

**(ग)** ट्राफिक संकेत सम्बन्धी जानकारी राखी सवारी नियम पालना गराउन सम्बन्धित पक्षलाई सचेत गराउने तथा मार्गदर्शकको भूमिका निर्वाह गर्ने।

## १५. स्कुल बस खरिदमा गाउँपालिकाको अनुदान

**(क)** बन्दीपुर गाउँपालिकाले सामुदायिक विद्यालयमा स्कुल बस सञ्चालन तथा व्यवस्थापनका लागि **बस खरिद गर्दा बढीमा ८० प्रतिशत सम्म रकम अनुदान** उपलब्ध गराउन सक्नेछ।

**(ख)** विद्यालयले स्कुल बस खरिद गरिसकेपछि सो सम्बन्धि प्राबिधिक मुल्यांकन प्रतिबेदन, विद्यालय व्यवस्थापन समितिको निर्णय, बिल, भरपाई तथा आवश्यक कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी गाउँपालिकामा बढीमा ८० प्रतिशत अनुदान माग गर्न सक्नेछ ।

**(ग)** विद्यालयलाई उपलब्ध गराइने अनुदान रकम बढीमा खरिदको ८० **प्रतिशत वा कार्यपालिकाको निर्णय अनुसार** हुनेछ।

**(घ)** नेपाल सरकारको नियमअनुसार नयाँ बस खरिद गरेपछि मात्र विद्यालयले अनुदानको लागि दाबी गर्न सक्नेछ ।

**(ङ)** गाउँपालिकाबाट **सामुदायिक विद्यालयलाई मात्र** बस अनुदान उपलब्ध गराउन सक्ने छ ।

## १६. जिम्मेवारी

स्कुल बस सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी **विद्यालय व्यवस्थापन समितिको हुनेछ।**

## १७. अनुगमन

गाउँपालिकाले यस कार्यविधिको पालना भए/नभएको विषयमा नियमित अनुगमन गर्नेछ।

## १८. विविध

**(क)** कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा **यातायात व्यवस्था विभागको निर्णय र गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।**

**(ख)** यस कार्यविधिका व्यवस्थाहरु उल्लङ्घन भएको पाइएमा **सवारी तथा यातायात व्यवस्था ऐन तथा नियम** अनुसार कारबाही हुनेछ।

**(ग)** यो कार्यविधि अन्य कुनै प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले
कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत